**बैठक संख्याः**

**मितिः २०७६/०४/१३**

**समयः दिउँसो ११:०० बजे**

**स्थानः भूमे गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको अध्यक्षता र मा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | रामसुर बुढा मगर | अध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | मनकुमारी बुढा विष्ट | उपाध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | प्रवेश पुन | प्रवक्ता/ वडाध्यक्ष | भूमे गापा/९ नं. वडा कार्यालय |
| ४ | | रामचन्द्र पुन | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ५ | | नरबहादुर बुढा | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ६ | | दिलमान रोका | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ७ | | चंख बहादुर बुढा मगर | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ८ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ९ | | देव बहादुर बुढा | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| १० | | धनमान रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| ११ | | पंचबहादुर रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| १२ | | श्याम सुन्दर सुनार | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भीम बहादुर नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | हिरा कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | नमिता पुन | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | मिना सुनार | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | मनकुमारी बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य आमन्त्रित | | | | |
| १९ | | देवीराम थापा | लेखापाल | भूमे गाउँपालिका |

मिति २०७६/०४/१३ को कार्यपालिका बैठकका प्रस्तावहरुः

<table>
<tr><th>प्रस्ताव नं</th><th>विषय</th><th>अध्यक्षबाट स्वीकृति मिति</th><th>निर्णय हुनुपर्ने व्यहोराः</th></tr>
<tr><td>२</td><td>अनुगमन तथा सुपरीवेक्षण समितिको एकीकृत कार्यान्वयन कार्य योजना समबन्धमा</td><td>२०७६।४।९</td><td>गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिले आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि वार्षिक अनुगमन कार्ययोजना बनाई असोज, मंसिर, माघ, चैत्र र जेठमा नियमित प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।</td></tr>
<tr><td>२</td><td>वृक्षारोपन वर्ष कार्यक्रम सम्बन्धमा</td><td>२०७६।४।९</td><td>भूमे गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७६।०७७ लाई वृक्षारोपन वर्षको रुपमा सफल पार्न स्वीकृत कार्यक्रम बमोजिम वर्षे र हिउँदे वनस्पति तथा फलफूलको विरुवा वृक्षारोपन गर्ने । श्रावण र भाद्र महिनामा गाउँ गाउँमा विशेष अभियान चलाई न्यूनतम् एक घर १० विरुवा वृक्षारोपणमा प्रोत्साहन गरी वृक्षारोपनको अभिलेख वडा कार्यालय मार्फत तपसिलको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने । वृक्षारोपन कार्यक्रमसँग सार्वजनिक सेवा प्रवाहलाई अन्तरसम्बन्धित गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>घरमुलीको नाम</th><th>वृक्षारोपन गरिएको प्रजाति</th><th>संख्या</th><th>वृक्षारोपन गरिएको स्थान</th></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>३</td><td>आन्तरिक लेखा परीक्षण सम्बन्धमा</td><td>२०७६।४।९</td><td>भूमे गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नभई आन्तरिक लेखापरीक्षण शाखा स्थापना हुन नसकेकाले आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखापरीक्षण कार्यका लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय रुकुम (पूर्वी भाग) लाई अनुरोध गर्ने</td></tr>
<tr><td>४</td><td>नीति, योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा</td><td>२०७६।४।९</td><td>भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम योजना तथा कार्यक्रम कार्यान्वयनका लागि सबै शाखा, इकाई र वडा कार्यालयहरुले श्रावण २५ गत्तेभित्र योजना कार्यान्वयन कार्यतालिका अनिवार्य रुपमा पेश गर्ने ।</td></tr>
<tr><td>५</td><td>विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धमा</td><td>२०७६।४।९</td><td>समपूरक अनुदान र विशेष अनुदानका लागि गाउँसभाबाट स्वीकृत आयोजनाहरुमध्ये विस्तृत परियोजना प्रतिवेदन तयार नभएका आयोजनाहरुको सर्वे, डिजाईन, इष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार पार्न सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया बमोजिम तत्काल अगाडि बढाउने ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ६ | खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक योजना कार्यान्वयन सम्बन्धमा | २०७६।४।९ | गाउँपालिकाको खानेपानी तथा सरसफाईसम्बन्धी रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि विनियोजित बजेट रकम बमोजिम योजना कार्यान्वयन गर्न गाउँपालिकामा सूचीकृत संघसंस्थाहरुलाई १५ दिनको समयावधिको सूचना प्रकाशन गरी प्रस्तावना माग गर्ने। |
| ७ | उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन सम्बन्धमा | २०७६।४।९ | वार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि लागत सहभागिता जुत्ने योजनाहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने र उपभोक्ता समितिबाट सञ्चालन गर्दा न्यूनतम् २० प्रतिशत लागत सहभागिता कायम गरी कूल आयोजनाको १० प्रतिशतले हुन आउने लागत सहभागिता वापतको रकम योजना कार्यान्वयन अवधिभर गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने र उपभोक्ता समितिबाट सञ्चालन गरिने निर्माण लगायतका कार्यमा मानवीय शक्तिबाट सम्भव नहुने कामको प्रकृति हेरी इन्जिनियरको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत लिएमा हेभी इक्वीपमेन्ट प्रयोग गर्न अनुमति दिने निर्णय गरियो। |
| ८ | वार्षिक कार्यतालिका सम्बन्धमा | २०७६।४।९ | आर्थिक वर्ष २०७६।०७७ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन र आगामी आर्थिक वर्षको योजना कार्यान्वयन तथा तर्जुमा तालिका तयार गर्ने |
| ९ | समपूरक अनुदान सम्बन्धमा | २०७६।४।९ | प्रदेश सरकार तथा संघीय सरकारसँगको साझेदारीमा सञ्चालन हुने आयोजनाहरु स्वीकृत कार्यक्रम बमोजिम अनुरोध गर्ने |

## भूमे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६।०४।१३ को निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. १:**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिले आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि श्रावण मसान्तभित्र वार्षिक अनुगमन कार्ययोजना बनाई असोज, मंसिर, माघ, चैत्र र जेठमा नियमित प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा भूमे गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम आर्थिक वर्ष २०७६।०७७ लाई वृक्षारोपन वर्षको रुपमा देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो:

क) स्वीकृत कार्यक्रम बमोजिम वर्षे र हिउँदे वनस्पति तथा फलफूलको विरुवा देहाय बमोजिम वृक्षारोपन गर्ने। रु. ५ लाख ५० हजारको विरुवा खरिद गर्ने र ४ लाख ५० हजारमा ननाघ्ने गरी विरुवा सुरक्षा बाकस खरिद गरी विरुवा संरक्षण गर्ने।

| वडा नं. | विरुवाको नाम | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धुपी सल्ला | | १०० | मध्यपहाडी क्षेत्रमा ग्रीन करिडोरलाई जोड दिएर वृक्षारोपन गर्ने |
| २ | धुपी सल्ला | | १०० | मध्यपहाडी क्षेत्रमा ग्रीन करिडोरलाई जोड दिएर वृक्षारोपन गर्ने |
| ३ | बयँस, फलफूल | | ५० | आवश्यकतानुसार |
| ४ | चिउरा, बाँस, बैंस | | ५० | आवश्यकतानुसार |
| ५ | चिउरा | | ५० | आवश्यकतानुसार |
| ६ | आवश्यकतानुसार | | ५० | आवश्यकतानुसार |
| ७ | आरुबखडा, ओखर | | ५० | आवश्यकतानुसार |
| ८ | आवश्यकतानुसार | | ५० | आवश्यकतानुसार |
| ९ | आरुबखडा, ओखर | | ५० | आवश्यकतानुसार |
| | **जम्मा** | | **५५०** | |

ख) गाउँपालिकाका सबै जनप्रतिनिधिहरुले आ-आफ्नो गाउँ टोलमा श्रावण र भाद्र महिनामा गाउँ-गाउँमा विशेष अभियान चलाई न्यूनतम् एक घर १० विरुवा वृक्षारोपण गर्न प्रोत्साहन गरी वृक्षारोपनको अभिलेख वडा कार्यालय राखी सम्बन्धित वडा सदस्यले तपसिलको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने। वृक्षारोपन कार्यक्रमसँग सार्वजनिक सेवा प्रवाहलाई अन्तरसम्बन्धित गर्ने।

| क्र.सं. | घरमुलीको नाम | वृक्षारोपन गरिएको प्रजाति | संख्या | वृक्षारोपन गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा भूमे गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति नभई आन्तरिक लेखापरीक्षण शाखा स्थापना हुन नसकेकाले आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखापरीक्षण कार्यका लागि कोष तथा लेखा नियन्त्रकको कार्यालय रुकुम (पूर्वी भाग) लाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम योजना तथा कार्यक्रम कार्यान्वयनका लागि सबै शाखा, इकाई र वडा कार्यालयहरुले श्रावण २५ गत्तेभित्र योजना कार्यान्वयन कार्यतालिका अनिवार्य रुपमा पेश गर्ने।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा समपूरक अनुदान र विशेष अनुदानका लागि छनौट तथा गाउँसभाबाट स्वीकृत आयोजनाहरुमध्ये विस्तृत परियोजना प्रतिवेदन तयार नभएका आयोजनाहरुको सर्वे, डिजाईन, इष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार पार्न सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया बमोजिम तत्काल अगाडि बढाउने।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको खानेपानी तथा सरसफाईसम्बन्धी रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि विनियोजित बजेट रकम बमोजिम योजना कार्यान्वयन गर्न गाउँपालिकामा सूचीकृत संघसंस्थाहरुलाई १५ दिनको समयावधिको सूचना प्रकाशन गरी प्रस्तावना माग गर्ने।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा वार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि लागत सहभागिता जुट्ने योजनाहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने र उपभोक्ता समितिबाट सञ्चालन गर्दा न्यूनतम् २० प्रतिशत लागत सहभागिता कायम गरी कूल आयोजनाको १० प्रतिशतले हुन आउने लागत सहभागिता वापतको रकम योजना कार्यान्वयन अवधिभर गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने र उपभोक्ता समितिबाट सञ्चालन गरिने निर्माण लगायतका कार्यमा मानवीय शक्तिबाट सम्भव नहुने कामको प्रकृति हेरी इन्जिनियरको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत लिएमा हेभी इक्वीपमेन्ट प्रयोग गर्न अनुमति दिने। साथै, रु. १० लाखभन्दा माथिका सडक निर्माण आयोजनाहरु बोलपत्र आव्हान मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०७६।०७७ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन र आगामी आर्थिक वर्षको योजना तथा तर्जुमा तालिका स्वीकृत गर्ने निर्णय गरियो।

***वार्षिक कार्यतालिका, आर्थिक वर्ष २०७६/०७७***

| क्र.सं. | कार्यक्रम विवरण | मिति | स्थान |
|---|---|---|---|
| १ | **योजना कार्यान्वयन कार्यतालिका तयारी तथा प्रकाशन** | **श्रावण मसान्त** | **गा.पा. कार्यालय** |
| २ | **वार्षिक समीक्षा** | | |
| क | वडा कार्यालयहरुको वार्षिक समीक्षा | भाद्र पहिलो हप्ता | सभा हल |
| ख | गैरसरकारी संस्थाहरुको समीक्षा | भाद्र दोस्रो हप्ता | सभाहल |

| | | | |
|---|---|---|---|
| ग | विषयगत समिति/तथा शाखाहरुको समीक्षा | भाद्र दोस्रो हप्ता | सभाहल |
| ३ | **सामाजिक परीक्षण** | **कात्तिक पहिलो हप्ता** | |
| ४ | **सार्वजनिक सुनुवाई** | | |
| क) | प्रथम चौमासिक | कात्तिक मसान्तभित्र | |
| ख) | दोस्रो चौमासिक | फागुन मसान्तभित्र | |
| ग) | तेस्रो चौमासिक | असार मसान्तभित्र | |
| ५ | **योजना कार्यान्वयन** | | |
| क) | योजनाको सम्भाव्यता अध्ययन तथा सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्ने | कात्तिक मसान्तभित्र | सम्बन्धित योजनास्थल, कार्यालय |
| ख) | उपभोक्ता समिति गठन तथा सम्झौता | कात्तिक मसान्त | |
| ग) | उपभोक्ता समितिको तालिम | मंसिरको पहिलो हप्ता | |
| घ) | आयोजना, वडा कार्यालय तथा गैसस अनुगमन | नियमित | |
| ङ) | आयोजना सम्पन्न गर्ने अवधि | जेष्ठ मसान्त | |
| च) | योजना जाँचपास र फरफारक | आषाढ दोस्रो हप्ताभित्र | |
| छ) | सम्पन्न योजना उपभोक्ता समितिलाई हस्तान्तरण | आषाढ मसान्तभित्र | |
| ६ | **प्रगति प्रतिवेदन** | | |
| क) | प्रथम चौमासिक प्रगति प्रतिवेदन | मंसिर ७ गतेभित्र | कार्यालय |
| ख) | दोस्रो चौमासिक प्रगति प्रतिवेदन | चैत्र ७ गतेभित्र | कार्यालय |
| ग) | तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन | श्रावण १५ गतेभित्र | कार्यालय |

**आगामी आर्थिक वर्ष २०७७।०७८ को वार्षिक योजना तर्जुमा तालिका प्रस्ताव**

| ७ | सहभागितामूलक योजना तर्जुमाः | | कैफियत |
|---|---|---|---|
| **चरण १** | **बजेटको पूर्व तयारी** | | |
| | • आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र | |
| | • संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत्र मसान्त भित्र | |
| **चरण २** | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | **बैशाख १० भित्र** | |
| **चरण ३** | **बस्ती तहका योजना छनौट** | **वैशाख मसान्त भित्र** | |
| **चरण ४** | **वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | **जेष्ठ १५ भित्र** | |
| **चरण ५** | **बजेट तथा कार्यक्रम तर्जुमा** | **असार ५ भित्र** | |
| **चरण ६** | **गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | **असार १० भित्र** | |
| **चरण ७** | **गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | | |
| | • बजेट तथा कार्यक्रम प्रस्तुति | असार १० भित्र | |
| | • बजेट तथा कार्यक्रम स्वीकृति | असार मसान्त भित्र | |

**<u>निर्णय नं. ९:</u>**